घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपफोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको २७औं बैठकको निर्णयहरु

मिति २०८०।११।२२

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८०।१०।२४ गते बसेको यस कार्यपालिकाको २६औं बैठकमा १३ वटा निर्णयहरु मध्ये १ वटा पूर्व बैठकको समिक्षा गरिएको थियो । ३ वटा निर्णयहरु जानकारी मुलक, २ वटा विभिन्न समितिमा कार्यपालिकाको अधिकार अनुसार सदस्यहरु तोकिएको थियो । कर्मचारीहरुको अपुग पारिश्रमिक र कार्यालय सहयोगी राख्ने सम्बन्धी गरी २ वटा, बेलीबृजको DPR को प्रस्तुतिकरण, ल्पुइला पर्वमा बिदा दिने र जनहित मा.वि.को परियोजना तर्फ बचत भएको रकमको थप योजनामा खर्च गर्ने सम्बन्धी निर्णयहरु भएका थिए । समग्र रुपमा भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाइयो । साथै मिति २०८०।११।२९ गते सार्वजनिक सुनुवाई सञ्चालन गर्ने निर्णय भए अनुसार सबै तयारी भएको व्यहोरा बैठकमा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

गाउँसभामा पेश हुने प्रस्तावहरु सम्बन्धमा ।

**निर्णयहरु :-**

(क) यस घरपफोङ गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरुको बैठकबाट पारित भई कार्यपालिकामा पेश भएका विभिन्न प्रतिवेदनहरु सम्बन्धमा छलफल भयो । साथै तपसिल बमोजिमका प्रतिवेदनहरु आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | समितिहरु | प्रतिवेदन पेश गर्ने संयोजकको नाम | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक लेखा समिति | श्री कृष्ण प्रसाद थकाली | |
| २ | न्यायिक समिति | श्री जमुना थापा मगर | |
| ३ | आर्थिक विकास समिति | श्री याम प्रसाद थकाली | |
| ४ | पूर्वाधार विकास समिति | श्री फलेन्द्र प्रसाद थकाली | |
| ५ | सामाजिक विकास समिति | श्री मन बहादुर हिराचन | |
| ६ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री आस बहादुर थकाली | |
| ७ | सुशासन तथा संस्थागत विकास समिति | श्री प्रदिप थकाली | |
| ८ | अनुगमन तथा सुपरिवेक्षण समिति | श्री जमुना थापा मगर | |

निर्णय प्रमाणित ।
०८०।११।२२

(ख) यस गाउँपालिकाको पूर्वाधार विकास समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकालीबाट पेश भएको पुराना भवनहरुको अभिलेखीकरण म्याद आगामी २०८१ सालको असोज मसान्त सम्मको लागि थप गर्ने सम्बन्धी प्रस्ताव समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकाली मार्फत छलफल र पारित गर्नको लागि गाउँसभाको १३औं अधिबेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ग) सार्वजनिक लेखा समितिबाट तयार भएको आ.ब. २०७९।८० को नियमित गर्नु पर्ने बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव समितिका संयोजक श्री कृष्ण प्रसाद थकाली मार्फत गाउँसभाको १३औं अधिबेशनमा छलफल र पारित गर्नको लागि गाउँसभाको १३औं अधिबेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

(घ) चालु आ.ब. २०८०।८१ को आर्थिक ऐन, २०८० को अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा केहि दफाहरुमा रहेका करका दरहरुमा थप/घट, थप पुष्ट्याई तथा करका दफा थप गरी आर्थिक ऐन, २०८० को पहिलो संशोधन सम्बन्धी प्रस्ताव उपाध्यक्ष श्री जमुना थापा मगर मार्फत गाउँसभाको १३औं अधिबेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ङ) गत आर्थिक बर्षको अन्त्यतिर संघ र प्रदेशबाट प्राप्त भई बैंक मौज्दात रहेको रु.२ करोड ८० लाख रुपयाँको योजना तथा कार्यक्रम थप गरी कुल बार्षिक बजेट रकम ३२ करोड ७६ लाख ५९ हजार ७०० को चालु आ.ब. २०८०।८१ को विनियोजन ऐन, २०८० को संशोधन प्रस्ताव उपाध्यक्ष श्री जमुना थापा मगर मार्फत गाउँसभाको १३औं अधिबेशनमा छलफल र पारित गर्नको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

(च) यस गाउँपालिकाको सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप थकालीबाट पेश भएको घरपझोङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मा केही नयाँ दरबन्दी थप गर्ने र संशोधन समेत गरी १ नं. वडा मा रहेको चिमाङ आधारभुत स्वास्थ्य केन्द्र र ३ नं. वडामा रहेको स्याङ आधारभुत स्वास्थ्य केन्द्र मा १/१ जना हेल्थ असिस्टेन्ट (सहायक पाँचौं तह) गरी २ जनाको दरबन्दीको प्रस्ताव, १ जना नगर प्रहरी हवल्दार तथा २ जना नगर प्रहरी जवान र मार्फा स्वास्थ्य चौकीमा ल्याब असिस्टेन्ट (सहायक, चौथो तह) को दरबन्दी सम्बन्धी प्रस्ताव साथै यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा अ.हे.ब. (सहायक, चौथो तह) - ६ जना र अ.न.मि. (सहायक, चौथो तह) -६ जना हुनु पर्नेमा अन्यथा भएकोले उल्लेख भए अनुसार हुनु पर्ने सम्बन्धी संशोधनको प्रस्ताव संयोजक मार्फत गाउँसभाको १३औं अधिबेशनमा छलफल र पारित गर्नको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८०।११।२२

(छ) यस गाउँपालिकाको विधायन समितिका संयोजक श्री जैकला वि.क.ले सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र प्रभावकारी बनाउनका लाथि तयार भएको घरपझोङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली विधेयक, २०८० । साथै गाउँपालिकाको नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने उद्देश्यले तयार भएको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० लाई छलफल र पारित गर्नको लागि समितिका संयोजक मार्फत गाउँसभाको १३औं अधिवेशनमा पेश गर्न सैद्धन्तिक सहमति दिने सर्वसम्मत निर्णय गरियो ।

ज) मिति २०८०।९।१६ गते बसेको २५औं कार्यपालिकाको बैठकको निर्णय नं.९ अनुसार गाउँपालिकाको लोगो तयार गरी पेश गर्ने सम्बन्धी पुनः दोश्रो पटक १५ दिनको सार्वजनिक सूचना प्रकाशन भएकोमा दुई वटा लोगोको प्रस्तावहरु पेश हुन आएको र उक्त दुई लोगोको डिजाईनहरु उपर बैठकमा बृहत रुपमा छलफल हुँदा दुवै डिजाईनहरु गाउँपालिकाले लिएको लोगो सम्बन्धी सोच अनुसार नपाईएकोले हाललाई स्वीकृत नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

गाउँसभाको १३औं अधिबेशनको कार्यसूची सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस घरपझोङ गाउँपालिका, गाउँसभाको १३औं अधिबेशनको कार्यसूची देहाय बमोजिम हुनेगरी सभाध्यक्षज्यूले प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**देहाय :-**

**गाउँसभाको १३औं अधिबेशनको कार्यसूची**

मिति : २०८०।११।२४ गते, बिहिवार

| क्र.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | दिउसो १:१५ | अध्यक्षले गाउँ सभाको १३ औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | दिउसो १:२० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | श्री सरीता नेपाली<br>श्री विर प्रसाद थकाली |
| ३. | दिउसो १:३० | लेखा समितिको प्रतिवेदन | सार्वजनिक लेखा समित संयोजक श्री कृष्ण प्रसाद थकाली |
| ४. | दिउसो १:४० | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ५. | दिउसो १:४५ | आर्थिक विकास समितको प्रतिवेदन | आर्थिक विकास समिति संयोजक श्री याम प्रसाद थकाली |
| ६. | दिउसो १:५५ | पूर्वाधार विकास समितिको प्रतिवेदन | पूर्वाधार विकास समिति संयोजक श्री फलेन्द्र प्रसाद थकाली |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ७. | दिउसो २:०५ | सामाजिक विकास समितिको प्रतिवेदन | सामाजिक विकास समिति संयोजक श्री मन बहादुर हिराचन |
| ८. | दिउसो २:१५ | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री आस बहादुर थकाली |
| ९. | दिउसो २:२० | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप थकाली |
| १०. | दिउसो २:२५ | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ११ | दिउसो २:३० | घरपझोङ गाउँपालिकामा रहेका पुराना भवनहरुको अभिलेखीकरण म्याद थप सम्बन्धी प्रस्ताव | पूर्वाधार विकास समिति संयोजक श्री फलेन्द्र प्रसाद थकाली |
| १२ | दिउसो २:४५ | आ.ब. २०७९।८० को नियमित गर्नु पर्ने बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव | सार्वजनिक लेखा समित संयोजक श्री कृष्ण प्रसाद थकाली |
| १३ | दिउसो ३:१० | आर्थिक ऐन, २०८० संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| १४ | दिउसो ३:२५ | विनियोजन ऐन, २०८० संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| १५ | दिउसो ३:४० | घरपझोङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) संशोधन सम्बन्धी प्रस्ताव | सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप थकाली |
| १६ | दिउसो ३:५५ | घरपझोङ गाउँपालिकाको सार्वजनिक खरिद विधेयक, २०८० सम्बन्धी प्रस्ताव | विधायन समितिका संयोजक श्री जैकला वि.क. |
| १७ | दिउसो ४:१० | घरपझोङ गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सम्बन्धी प्रस्ताव | विधायन समितिका संयोजक श्री जैकला वि.क. |
| १८ | दिउसो ४:२५ | समापन | सभाध्यक्ष श्री मोहन सिंह लालचन |

**प्रस्ताव नं. ४ :-**

बसपार्क व्यवस्थापनको लागि थप काम सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको ३ नं. वडा जोमसोम एयरपोर्ट पुल्चोकमा निर्माण भएको बसपार्क र गाउँपालिकालाई हस्तान्तरण भएको ४ नं. वडा जोमसोममा रहेका बसपार्कहरुलाई सञ्चालनमा ल्याउनका लागि टेण्डर आह्वान भई सम्झौताको प्रक्रियामा रहेकोले प्राविधिकको लगत ईस्टिमेट बमोजिम तत्काल गर्नुपर्ने मर्मत लगायत स-साना पूर्वाधारका निर्माणका कार्यहरु गर्नका लागि विविध तथा अन्य पूर्वाधार शिर्षकबाट रु.९,९३,८८२।५५ खर्च भुक्तानी गर्नेगरी ईस्टिमेट बमोजिमको कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८०।११।२२